१३८

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. ३४७०१९/०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .......१ निवेदक

विरूद्ध

प्रधानाध्यापक, श्री सिँहदेवी मा.वि., आहाले, मुर्तिढुँङ्गा ..............................................१ विपक्षी

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले श्री सिँहदेवी मा.वि., आहाले, मुर्तिढुँङ्गा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।२ मा निवेदन गरेकोमा यस आयोगको मिति २०७१।०३।०९ को आदेश बमोजिम श्री सिँहदेवी मा.वि., आहाले, मुर्तिढुँङ्गाको मिति २०७१।१०।२६, च.नं. ३०, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई हुलाक मार्फत उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन २२ गते रोज ६ शुभम् ।